# करार सेवामा चिकित्सक तथा स्वास्थ्यकर्मी व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८१

मन्त्रिस्तरबाट स्वीकृत मितिः ..............................

**प्रस्तावना:** नेपालको संविधानमा उल्लेखित नागरिकको स्वास्थ्य सम्बन्धी हकको सुनिश्चितता र गुणस्तरीय सेवा प्रवाहका लागि प्रदेश स्वास्थ्य सेवाका रिक्त दरबन्दीमा तथा प्रदेश सरकारको स्वीकृत बार्षिक कार्यक्रम अनुसार आवश्यक पर्ने स्वास्थ्य सेवाका पदमा चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवामा लिई पदपूर्ति गर्ने कार्यलाई प्रभावकारी, पारदर्शी र विश्वसनीय बनाउन बान्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०७६ को दफा ८२ ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

१. **संक्षिप्त नाम, प्रारम्भ र विस्तार** : (१) यस कार्यविधिको नाम "करार सेवामा चिकित्सक तथा स्वास्थ्यकर्मी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयको मन्त्रिस्तरीय निर्णयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

(३) यो कार्यविधि मन्त्रालय र मन्त्रालय मातहतका निकायमा लागू हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "करार सेवा" भन्नाले स्वास्थ्य सेवातर्फका करार सेवा सम्झनु पर्छ ।

(ख) "छनौट तथा सिफारिस समिति" भन्नाले दफा ८ बमोजिमको समिति सम्झनु पर्छ।

(ग) "स्वास्थ्य संस्था" भन्नाले प्रदेश अन्तर्गतका स्वास्थ्यसँग सम्बन्धित सेवा प्रवाह गर्ने सरकारी निकाय सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(च) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ ।

३. **करार सेवामा जनशक्ति लिने सम्बन्धी अधिकार**: यस कार्यविधि बमोजिम करार सेवामा जनशक्ति लने सम्बन्धी अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रदेश सरकारका स्वीकृत दरबन्दी अन्तर्गतका करार सेवा प्रकृतिका पदमा मन्त्रालयलाई,

(ख) मन्त्रालय मातहतका निकायले रिक्त दरबन्दीमा करार सेवामा पदपुर्ति गर्नका लागि मन्त्रालयको अनुमति लिनुपर्ने, र

(घ) स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतका करार सेवामा मन्त्रालयको अनुमति लिई सम्बन्धित निकायले ।

४. **योग्यता**: यस कार्यविधि बमोजिम नियुक्त गरिने करार सेवाका चिकित्सक तथा स्वास्थ्यकर्मीको न्यूनतम शैक्षिक योग्यता सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९, सुदूरपश्चिम प्रदेश निजामती सेवा नियमावली, २०८१ तथा प्रदेश लोकसेवा आयोगले निर्धारण गरेको प्रचलित व्यवस्था बमोजिम हुनेछ ।



मा. सरस्वती खड्का
राज्य मन्त्री
सामाजिक विकास मन्त्रालय

मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

५. **<u>छनौट विधि र अङ्कभारः</u>**. (१) यस कार्यविधि बमोजिम करार सेवामा चिकित्सक तथा स्वास्थ्यकर्मी छनौट गर्न देहायको विधि अपनाई पदपूर्ति गर्न सकिनेछः-

(क) संक्षिप्त सूची र अन्तर्वार्ता, वा

(ख) लिखित र अन्तर्वार्ता, वा

(ग) अन्तर्वार्ता मात्र ।

(२) उपदफा (१) बमोजिम लिइने अन्तर्वार्ताको कूल अङ्कभार ५० हुनेछ । अन्तर्वार्तामा पूर्णाङ्कको सत्तरी प्रतिशत भन्दा बढी वा चालिस प्रतिशत भन्दा घटी अङ्क दिनुपरेमा सोको कारण खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिमको छनौट विधि अपनाउदा दरखास्त पेश गरेका उम्मेदवारलाई देहाय बमोजिम अङ्क प्रदान गरी संक्षिप्त सूची तयार गर्नुपर्नेछः-

(क) न्यूतनम शैक्षिक योग्यता बापत – २० अङ्क

(अ) प्रथम श्रेणी भए - २० अङ्क

(आ) द्वित्तीय श्रेणी भए - १५ अङ्क

(इ) तृत्तीय श्रेणी भए - १० अङ्क

(ख) माथिल्लो शैक्षिक योग्यता वाफत -१० अङ्क

(अ) प्रथम श्रेणी वा सो भन्दा माथि बापत - १० अङ्क

(आ) द्वित्तीय श्रेणी बापत - ७ अङ्क

(इ) तृत्तीय श्रेणी बापत - ५ अङ्क

(ग) अनुभव बापत - १० अङ्क

(अ) १ वर्ष सम्म - ४ अङ्क

(आ) १ वर्ष देखि २ वर्ष सम्म - ७ अङ्क

(इ) २ वर्ष देखि माथि - १० अङ्क

(घ) स्थानीयताको अङ्क - १० अङ्क

**<u>स्पष्टीकरणः</u>** GPA परीक्षा प्रणालीका हकमा प्रतिशतमा रुपमान्तरण गरी श्रेणी छुट्याउनु पर्नेछ र स्थानीयताको अङ्क प्रदान गर्दा स्थानीय तहस्तरको निकाय भएमा सम्बन्धित स्थानीय तह, जिल्लास्तरको निकाय भएमा सम्बन्धित जिल्ला र प्रदेशस्तरको निकाय भएमा सम्बन्धित प्रदेशका बासिन्दा सम्झिनु पर्नेछ।

(४) संक्षिप्त सूची र अन्तर्वार्ताद्वारा पदपूर्ति गरिने पदको हकमा उपदफा (३) बमोजिम संक्षिप्त सूचीमा नाम समावेश भएका उम्मेदवारलाई अन्तर्वार्तामा सहभागी गराईनेछ ।



मेघराज खड्का
मन्त्री
मन्त्रालय

(५) उपदफा (४) बमोजिम उम्मेदवारको अन्तर्वाता लिई सकेपश्चात अन्तिम नतिजा प्रकाशन गर्दा संक्षिप्त सूचीमा प्राप्त गरेको अङ्क समेत जोडी अन्तिम नतिजा प्रकाशन गर्नुपर्नेछ ।

(६) लिखित र अन्तर्वार्ता दुवै वा अन्तर्वार्ता विधिद्वारा पदपुर्ति गरिने पदका हकमा संक्षिप्त सूची आवश्यक पर्ने छैन।

(७) लिखित र अन्तर्वार्ता विधिबाट पदपूर्ति गरिने पदमा लिखित र अन्तर्वार्तामा प्राप्त गरेको अङ्क समेत जोडी योग्यताक्रमका आधारमा अन्तिम नतिजा प्रकाशित गर्नु पर्नेछ ।

६. <u>लिखित परीक्षा सम्बन्धी व्यवस्थाः</u> लिखित परीक्षा सञ्चालन गर्दा देहायको प्रकृया अबलम्बन गर्नु पर्नेछः–

(क) छनौट समितिले पदपूर्ति गरिने पदको प्रकृति अनुसार नेपाल सरकार वा प्रदेश सरकारको बहालवाला वा सेवा निवृत अधिकृतस्तरको व्यक्तिसँग समन्वय गरी प्रश्नपत्र निर्माण र परिमार्जन गर्नुपर्ने,

(ख) परिमार्जन भएका प्रश्नहरुको सिलबन्दी गरी भण्डारण गर्ने कर्तव्य संयोजक वा निजले तोकेको पदाधिकारी हुने र परीक्षा अगाडि प्रश्नपत्रको गोपनियता राख्नु सबैको कर्तव्य हुने,

(ग) तोकिएको मिति, समय र स्थानमा लिखित परीक्षा संचालन गर्नुपर्ने,

(घ) लिखित परीक्षाका उत्तरपुस्तिकाको हकमा पहिलो र दोस्रो संकेत राख्नुपर्ने,

(ङ) लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षण सम्बन्धित विषयको दक्ष वा विशेषज्ञबाट गराउनु पर्ने,

(च) परीक्षणका लागि उत्तरपस्तिका प्राप्त भएपछि, दक्ष वा विशेषज्ञले समयमै त्यस्ता उत्तरपुस्तिका परीक्षण गरी गोप्य रुपमा समितिको संयोजक समक्ष पेश गर्नुपर्ने, र

(छ) लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा न्यूनतम चालीस प्रतिशत अङ्क प्राप्त गर्ने उम्मेदवार मध्ये दफा ७ को खण्ड (घ) को संख्या कायम हुने गरी लिखित परीक्षाको नतिजा प्रकाशन गर्नुपर्ने ।

७. <u>छनौट तथा सिफारिस प्रक्रियाः</u> छनौट तथा सिफारिस प्रकृया देहाय बमोजिम हुनेछः-

(क) करार सेवामा पदपुर्ति गर्नका लागि आवश्यक रिक्त पद संख्या र न्यूनतम योग्यता समेत स्पष्ट खुलाई न्युनतम १५(पन्ध्र) दिनको सूचना प्रकाशन गर्नुपर्ने,

(ख) महामारीजन्य अवस्था वा विशेष परिस्थितिमा सूचना प्रकाशनको अवधि ७ (सात) दिनको राख्न सकिने,

(ग) प्राप्त आवेदनको मूल्यांकन, संक्षिप्त सूची तयार, परीक्षा सञ्चालन, छनौट तथा सिफारिस सम्बन्धी कार्य दफा ८ बमोजिमको समितिले गर्ने,

(घ) लिखित र अन्तर्वार्ता परीक्षा विधिद्वारा पदपूर्ति गरिने पदहरुको हकमा लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा देहायको संख्यामा उम्मेदवारको नामावली वर्णानुक्रम अनुसार प्रकाशन गर्नुपर्नेः-



मेघराज खड्का
मन्त्री

(१) एक पदका लागि तीन जनासम्म,
(२) दुई पदका लागि पाँच जनासम्म,
(३) तीन पदका लागि छ जनासम्म,
(४) चारदेखि सात पदका लागि थप चार जना,
(५) आठ देखि दश पदका लागि थप पाँच जना, र
(६) दशभन्दा माथि पदका लागि थप पचास प्रतिशत,

(ङ) खण्ड (घ) बमोजिम लिखित नतिजा प्रकाशित गर्दा समान अङ्क भएका कारण तोकिएको संख्या भन्दा बढी उम्मेदवार समावेश गर्नुपर्ने देखिएमा अङ्क समान भएका उम्मेदवारलाई समेत समेटी लिखित नतिजा प्रकाशित गर्नुपर्ने, र

(च) समितिले उम्मेदवार सिफारिस गर्दा एकदेखि तीन पदको लागि शतप्रतिशतसम्म थप र सो भन्दा माथिका हकमा तीसदेखि पचास प्रतिशतसम्म बैकल्पिक उम्मेदवारको रुपमा सिफारिस गर्नुपर्ने ।

८. <u>छनौट तथा सिफारिस समितिः</u> (१) प्राप्त आवेदनको मूल्यांकन, संक्षिप्त सूची तयार, परीक्षा सञ्चालन तथा छनौट सम्बन्धी कार्य गरी नाम सिफारिस गर्न देहाय बमोजिमको छनौट तथा सिफारिस समिति रहनेछः-

(क) <u>मन्त्रालयले गर्ने छनौटका लागि</u>

| | |
|---|---|
| (१) मन्त्रालयको सचिव वा निजले तोकेको कर्मचारी | –संयोजक |
| (२) सचिवले तोकेको विषय विज्ञ | –सदस्य |
| (३) प्रमुख वा प्रतिनिधि, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा | - सदस्य |
| (४) प्रशासन शाखा प्रमुख | –सदस्य सचिव |

(ख) <u>मन्त्रालय मातहतका निकायले गर्ने छनौटका लागि</u>

| | |
|---|---|
| (१) सम्बन्धित निकायको प्रमुख वा निजले तोकेको कर्मचारी | –संयोजक |
| (२) सम्बन्धित निकायको प्रमुखले तोकेको विषय विज्ञ | –सदस्य |
| (३) मन्त्रालयले तोकेको प्रतिनिधि | - सदस्य |
| (४) प्रतिनिधि, सम्बन्धित जिल्ला प्रशासन कार्यालय | - सदस्य |
| (५) सम्बन्धित निकायको प्रशासन शाखा प्रमुख | –सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकतानुसार कर्मचारी वा विषयविज्ञलाई आमन्त्रित गर्न सकिनेछ ।

(३) अन्तर्वार्ता लिने प्रयोजनका लागि उपदफा (१) बमोजिमको समितिले विषय विज्ञ समेत रहने गरी कम्तीमा तीनजनाको अन्तर्वार्ता समिति गठन गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अन्तर्वार्ता समितिमा मन्त्रालय मातहतका निकायले मन्त्रालयले तोकेको प्रतिनिधि अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।



मा. मेघराज खड्का
मन्त्री
विकास मन्त्रालय

९. <u>सेवा अवधि र म्याद थप सम्बन्धी व्यवस्था</u>: (१) करार सेवामा नियुक्त भएका चिकित्सक तथा स्वास्थ्यकर्मीको करार सम्झौता अवधि अध्ययन वा असाधारण विदामा बसेको कर्मचारी हाजिर नभएसम्म वा लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट त्यस्तो पदमा स्थायी पदपुर्ति नभएसम्म वा अन्य कुनै स्थायी कर्मचारी सो पदमा सरुवा भई नआएसम्म र बार्षिक कार्यक्रमको हकमा कार्यक्रम अवधिसम्म हुनेछ।

(२) करार सम्झौता गर्दा एक पटकमा बढीमा छ महिना अवधिको लागि करार सम्झौता गरिनेछ र कार्यसम्पादन मूल्यांकनका आधारमा उक्त सम्झौता नवीकरण गर्न सकिनेछ ।

९. <u>करार सेवा समाप्त हुने अवस्था</u>: (१) देहायका अवस्थामा करार सेवा समाप्त हुनेछः-

(क) करार सेवामा लिएको व्यक्तिको सेवा सन्तोषजनक नभएको वा पदीय दायित्व वहन गर्न नसकेमा,

(ख) स्वास्थ्य सेवा सम्बन्धी प्रचलित कानूनमा रहेका आचरण वा पदीय अनुशासन विपरित कार्य गरेमा,

(ग) करार सेवामा काम गर्ने व्यक्तिले सेवाबाट अलग हुनका लागि कम्तीमा एक महिना अगावै त्यस्तो सूचना दिएमा,

(घ) अध्ययन वा असाधारण विदामा बसेको चिकित्सक तथा स्वास्थ्यकर्मीको पदमा करार सेवामा रहेका कर्मचारीको हकमा त्यस्तो विदामा बसेको कर्मचारी आफ्नो पदमा हाजिर भएमा,

(ङ) लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट त्यस्तो पदमा स्थायी पदपूर्ति भएमा,

(च) रिक्त पदमा करारमा रहेका अवस्थामा त्यस्तो पदमा अन्य कुनै स्थायी कर्मचारी सरुवा भई पदपूर्ति भएमा, वा

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएमा ।

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमका कारणले करार सम्झौता भंग गर्नु परेमा सफाइको उचित मौका दिनु पर्नेछ ।

१०. <u>सेवा सुविधा</u>: (१) करार सेवामा रहने कर्मचारी जुन तहको पदमा रहेको हो सो पदको शुरु तलब स्केल बराबरको पारिश्रमिक पाउनेछ । तर पदीय जिम्मेवारी, कार्यप्रकृति लगायतका जोखिम हेरी प्रदेश सरकारले थप सेवा सुविधा उपलब्ध गराउन सक्नेछ ।

(२) रिक्त दरबन्दीका करार सेवाका कर्मचारीलाई पोषाक भत्ता उपलब्ध गराइनेछ ।

(३) करार सेवामा रहेको कर्मचारीले आवश्यक परेमा सार्वजनिक विदाको दिन पनि कामकाज गर्नुपर्नेछ। सार्वजनिक विदामा काम गरे वापत निजले नियमानुसारको सट्टा विदा पाउनेछ।

(४) करार सेवामा रहेको कर्मचारीले सार्वजनिक विदा बाहेक प्रत्येक महिना एकदिन घरविदा पाउनेछ । सट्टा विदा बाहेक अन्य दिन कार्यालयमा बिना सूचना अनुपस्थित कर्मचारीले त्यस्तो अनुपस्थित दिनको तलब भत्ता पाउने छैन ।

(५) करार सेवामा रही कम्तीमा ६ (छ) महिना भन्दा वढी निरन्तर सेवा गर्ने कर्मचारीलाई प्रत्येक वर्ष एक महिनाको तलब बराबरको रकम चाड पर्व खर्च बापत दिईनेछ ।

(६) क्रिया बिदा र सुत्केरी विदा नियमानुसार हुनेछ ।

(७) सेवा सुविधा सम्बन्धी अन्य व्यवस्था करार सम्झौतामा उल्लेख गरेबमोजिम हुनेछ ।

११. <u>वाधा अड्काउ फुकाउ</u>ः यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै वाधा अड्काउ परेमा मन्त्रालयले आवश्यक निर्णय गरी वाधा अड्काउ फुकाउनेछ ।

१२. <u>खारेजी तथा बचाउ :</u> (१) "करार सेवामा चिकित्सक तथा स्वास्थ्यकर्मी व्यवस्थापन गर्ने सम्बन्धी मापदण्ड, २०७७" खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डका आधारमा भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

मा. मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

मा. सरस्वती खड्का
राज्य मन्त्री
सामाजिक विकास मन्त्रालय

## करार सेवामा चिकित्सक वा स्वास्थ्यकर्मी पदपूर्तिका लागि

## आवेदन फाराम

मितिः २०....../....../......

विषयः करार सेवामा कामकाजको लागि आवेदन पेश गरेको ।

श्री.................................
............................................
सुदूरपश्चिम प्रदेश

...................................................मन्त्रालय/निकायको मिति २०....../....../.... को विज्ञापन सूचना अनुसार..................................... पदका लागि मेरो योग्यता तथा अन्य आवश्यक मापदण्ड पुग्ने भएकोले उक्त पदमा करार सेवामा नियुक्ति गरिपाउँ भनी देहाय बमोजिमको विवरण र आवश्यक कागजात संलग्न राखी आवेदन पेश गरेको छु।

निवेदकको विवरण :

क) नाम, थरः　　　　　　　ख) वुवा/आमाको नामः
ग) स्थायी ठेगानाः
घ) हालको ठेगानाः
ङ) ना.प्र.प.नः　　　　　　　च) जन्ममितिः
छ) परिषद दर्ता नं.
ज) शैक्षिक योग्यता :
　१. न्यूनतमः　　श्रेणीः　　प्रतिशतः
　२. माथिल्लोः　　श्रेणीः　　प्रतिशतः
झ) सम्बन्धित पदको अनुभवः
　१. ...............
　२. ................
ञ) मोबाइल नं. :
ट) इमेल ठेगाना :

निवेदकको हस्ताक्षरः

मा. सरस्वती खड्का